Total No. of Printed Pages—7

**HS/XII/A/n/13**

**2 0 1 3**

# NEPALI ( ELECTIVE )

*Full Marks* : 100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions*

*General Instructions* :

(i) Write all the answers in the Answer Script.

(ii) Attempt Part—A Objective Questions serially.

(iii) Attempt all parts of a question together at one place.

( PART : A—OBJECTIVE )

( *Marks* : 50 )

SECTION—I

( *Marks* : 20 )

**1.** कोष्ठभित्रका सही शब्दहरूले खाली ठाउँ भर : 1×10=10

(क) बैदार बुढा थिए —— (कट्टर / कडा) सनातनी, छुतछातको खूबै —— (ध्यान / ख्याल) राख्तथे।

(ख) रिकुटेले —— (सङ्गिनी / मारुनी) सुनेको थियो उसको बाल्य-अवस्थामा जब उ —— (परदेश / मुगलान) लागेको थियो।

(ग) छिः कस्तो —— (शंका / सक) गरेको कार्की दाज्यूले —— (त्यो / उ) त्यस्तो खालको रिकुटे होइन।

(घ) होइन, झुमा —— (दोजिया / दुइजीऊ) भएजस्तो लाग्छ मलाई त, तिमीलाई यस कुराको —— (सुइँको / पत्तो) छैन?

(ङ) मेरा ससुराहरूको —— (पसीनाले / रगतले) भिजेको यो —— (घरबारी / खेतबारी) अझ ओबाइसकेको छैन।

(च) तर मैले अर्को बिहे गरेर —— (छोरो / नानी) जन्म्यो भने पनि त त्यो —— (तिम्रो / आफ्नो) छोरो हुँदैन क्यारे।

(छ) तर कुन ठूलो —— (भाग / अंश) खाउँला भनेर आफ्नै हातले —— (सौता / स्वास्नी) हुलेकी हुन् यिनले।

(ज) यो मेरो —— (छोरो / बालक) पनि —— (सिंत्तैमा / व्यर्थमा) मेरो कोखमा किन जन्मेको होला।

(झ) म यो —— (मसानमा / घरमा) एकदिन पनि —— (टिक्न / अडिन) सक्तिनँ।

(ञ) पख, मेरो एउटा —— (प्रार्थना / विन्ति) सुनेर जाऊ; अर्को —— (जन्ममा / जुनीमा) म तिम्रो छोरो भएर जन्मूँ।

**2.** 'हो' वा 'होइन' लेखेर उत्तर देऊ : ½×10=5

(क) धने बस्नेतको पूरा नाम धनबहादुर बस्नेत हो।

(ख) 'बसाइँ' उपन्यासका लेखक प्रा० लीलबहादुर क्षत्री गुवाहाटी, आसामका निवासी हुन्।

(ग) झुमाले घर छोडेर हिंडेपछि धनेले चार-चौरस खोज्यो।

(घ) रिकुटेको घर लिम्बू गाउँमा पर्थ्यो।

(ङ) मोटे कार्की गाउँमा कसैसँग मिल्न नसक्ने मानिस थियो।

(च) 'मसान' नाटकका लेखक बालकृष्ण सम हुन्।

(छ) कृष्णले युवती (हेलेन) र दुलही दुवैजनालाई सक्दो माया गर्थ्यो।

(ज) ''मेरो त्यो उहिलेको बुद्धिको डोरेटोमा यो दुनियाँ हिंडेको भए सबको घर मसान बनिसक्थ्यो''—यसो भन्ने कृष्ण हो।

(झ) भोटु र वाग्मती दाज्यू-बहिनी हुन्।

(ञ) वाग्मतीले दुलहीसित मन खोलेर कुरा गर्थी।

**3.** कोष्ठभित्रबाट सत्य उत्तर छानेर लेख : 1×5=5

(क) 'बसाइँ' उपन्यास हो (सामाजिक / ऐतिहासिक / पौराणिक)।

(ख) धने बस्नेत (२० / २५ / २७) वर्ष पुगेको जवान थियो।

(ग) लेउते दमाई गाउँमा (गरीब थियो / धनी थियो / माँगेर खान्थ्यो)।

(घ) ''अनि जब छोरो पाएँ त्यसलाई खोसेर लिनु भयो''—यसो भन्ने (दुलही / युवती / वाग्मती) हो।

(ङ) 'मसान' नाटक (समस्याले / हास्यले / मनोरञ्जनले) भरिएको नाटक हो।

SECTION—II

( *Marks* : 30 )

**4.** कुनै **पाँच** प्रश्नका उत्तर संक्षेपमा लेख : 3×5=15

(क) बैदार बुढो को थियो? उसको व्यवसाय के थियो?

(ख) धनेले आफ्नी बहिनी झुमाको बिहा किन गर्न सकेको थिएन?

(ग) झुमा र रिकुटे-को कसरी भेट भयो?

(घ) झुमाले के कारण आत्महत्या गर्ने निर्णय लिईं? उसको उद्धार कसले गर्‍यो?

(ङ) 'मसान' नाटकमा भोटु को हो? कृष्णको घरमा उ कस्तो रूपमा बसेको थियो?

(च) कृष्णकी कान्छी स्वास्नी दुलहीको मृत्युको कारण के हो?

(छ) ''तर जो आमाहरूको अस्तित्व गुमेको, बहिनीहरूको बिचल्ली भएको हात बाँधेर टुलुटुलु हेर्न सक्छ त्यस्तो नामर्दको के विश्वास''—यो वाक्य कसले, कसलाई, किन औ कतिबेला भनेको हो?

**5.** (क) **दुइ-दुइ**वटा पर्यायवाची शब्द लेख : 1+1=2

ईश्वर ; स्त्री।

(ख) तलका कुन-कुन वाच्य हुन्? 1+1=2

भाइले किताब पढ्छ।

आज खूब हाँसियो।

(ग) अलङ्कारको अर्थ के हो? अलङ्कार कति प्रकारका हुन्छन्? ती के के हुन्? 1+1+1=3

(घ) 'रस' भन्नाले के बुझिन्छ? कुनै चारवटा रसका नाउँ लेख। 1+2=3

(ङ) 'छन्द' के हो? कुनै दुइवटा छन्दहरूका नाम लेख। 1+1=2

(च) कर्मकारक, करणकारक र सम्बन्ध कारक-का उदाहरण देऊ। 3

( PART : B—DESCRIPTIVE )

( *Marks* : 50 )

**6.** 'मसान' नाटकमा नाटककारले के कस्ता समस्याहरू हाम्रो अघि राख्न सफल भएका छन्? 10

**अथवा**

'मसान' नाटककी प्रमुख पात्रा युवती (हेलेन)-को भूमिकाबारे चर्चा गर।

**7.** 'बसाइँ' उपन्यासमा धने बस्नेत कसरी भाग्यले साथ नदिंदा बसाइँ सर्न बाध्य भयो? वर्णन गर। 10

**अथवा**

'बसाइँ' उपन्यासकी प्रमुख पात्रा झुमाको चरित्र चित्रण गर।

**अथवा**

रिकुटे र मोटे कार्की-का चरित्रको तुलना गर।

**8.** सप्रसंग व्याख्या गर (कुनै **एक**) : 5

(क) अब तिमीलाई मर्नुसिवाय अरु बाटो छैन।

(ख) मलाई तिमीले जीवनभरको दुःखी तुल्याएर जान लाग्यौ।

(ग) यो घरमा स्वास्नीमान्छेहरूको जिउँदै दागबत्ती हुँदोरहेछ।

**9.** कुनै **एक** विषयमा निबन्ध लेख : 10

(क) भ्रष्टाचार

(ख) देशभक्ति

(ग) चरित्र—एक शक्ति हो

(घ) पानीको आवश्यकता

**10.** शीर्षकसहित यस अनुच्छेदको सारांश लेख : 10

मानिसको जीवनमा शिष्टाचार अति आवश्यक भएको छ। विद्यासागर र गान्धी-को शिष्टाचार विश्वविख्यात छ। महात्माहरूमा शिष्टाचार मोतीजस्तो चम्कन्छ। शिष्टाचारबिनाको सुन्दरताको केही मूल्य हुँदैन। भनिन्छ प्रसिद्ध उपन्यासकार चार्ल्स डिकन्स् कमरामा पस्दा अकस्मात् प्रकाश आएजस्तो भान हुन्थ्यो भने जर्मनका महाकवि गेटे कुनै होटलमा पस्दा मानिसहरू खान छोडेर हर्षले उनलाई हेर्थे। असभ्य व्यवहार र अशिष्ट वर्ताव घीनलाग्दो चीज हो। अशिष्ट व्यक्तिलाई हामी असभ्य भन्छौं किनभने उसले समाजको रीति र नीति जानेकै हुँदैन। समाजमा त्यो मिलेर बस्न सक्तैन, समाजमा त्यो एकदमै अटाउँदैन। दुइजना व्यापारी छन् एउटाले ग्राहकहरूसित नम्रता र शिष्टतासित व्यवहार गर्छ अर्को गर्म मिजाजको छ बात-बातमा झोंकिन्छ। परिणाम के हुन्छ भने नम्रतासित व्यवहार गर्ने व्यापारीले उन्नति गरेर अघि बढ्छ अर्कोले खालि झिंगा मार्दै बस्छ। यसरी नम्रता मानिसको ठूलो गुण हो र मानिसको शोभा हो।

**11.** तुरामा बस्ने तिम्रो साथीले सरकारी नौकरी पाएको खुशीमा उसलाई बधाई दिंदै एउटा व्यक्तिगत पत्र लेख। 5

★★★